**मुख्यमन्त्री**

**कोशी प्रदेश, विराटनगर नेपाल**

## शुभकामना

रामनवमी तथा चैते दशैँ पर्वको शुभ अवसरमा कोशी प्रदेशलगायत देश एवं विदेशमा रहनुभएका सम्पूर्ण आमाबुवा, दाजुभाई तथा दिदीबहिनीमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

हिन्दू धर्मालम्बीहरुको आराध्य देव मर्यादा पुरूष भगवान श्रीरामको जन्मदिन तथा चैते दशैँ धुमधामका साथ पूजा अर्चना गरेर मनाइरहेका छन् । यस पर्वलाई असत्य र अन्धकारमाथि सत्य र मर्यादाको उज्यालो प्रवाह भएको दिनका रूपमा समेत मनाउने परम्परा छ ।

नेपाल तथा कोशी बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक, बहुजातीय विशेषता भएको देश र प्रदेश हो । प्रदेश सरकार सबै जाति, धर्म, वर्ग र समुदायका यी यस्ता विशेषता, पहिचान र सभ्यताको संरक्षण, संवर्धनका लागि दृढ संकल्पित छ ।

अतः यस पर्वले भगवान रामका दिव्यवाणीले सम्पूर्ण प्रदेश तथा देशवासीलाई सत्मार्गमा लाग्न, मर्यादित समाज, प्रदेश र देश निर्माणका लागि प्रेरणा प्राप्तिको कामनासहित हार्दिक मंगलमय सुभकामना व्यक्त गर्दछु ।

**केदार कार्की**
**मुख्यमन्त्री**

मिति : २०८१ बैशाख ५ गते बुधबार
नेपाल संवत् : ११४४ चौलाथ्व नवमी